**संघीय संसद**
**प्रतिनिधि सभा**
**विकास तथा प्रविधि समिति**
**बैठक संख्या : १४०**

मितिः २०७९/०३/१०

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार शहरी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव, काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त तथा सम्वद्ध पदाधिकारीहरुसँग काठमाडौं उपत्यका विकास प्राधिकरणको वर्तमान अवस्थाको सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. समिति हेरफेर भई यस समितिमा आउनुभएका माननीय सदस्यहरुलाई समितिमा स्वागत गरियो ।
२. समितिले २०७६।०२।०५ को बुंदा नं. ७ मा दिइएको निर्देशन कार्यान्वयनका लागि समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई पुनः निर्देश गर्दछ।साथै दशकौं अघिदेखि स्थापना भएको आयोजनाले हालसम्म काम अगाडि बढाउन नसक्नुको कारण समितिलाई १५ (पन्ध्र) दिनभित्र जानकारी पठाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
३. बाहिरी चक्रपथ आयोजनाका सम्बन्धमा नेपाल सरकार शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र आयोजना अन्तरगत पर्ने महानगरपालिका र नगरपालिकासँग बाहिरी चक्रपथ आयोजनाको बारेमा बैठक बसी छलफल गर्ने ।
४. शहरी विकास मन्त्रालय अन्तरगतको शहरी विकास तथा भवन निर्माण विभागबाट अगाडि बढाइएको NUGIP अन्तरगत सञ्चालन भइरहेको आयोजनामा अनियमितता भएको भनी मिति २०७९।०२।२९ गते समितिमा उजुरी प्राप्त हुन आएकोले सोसँग सम्बन्धित कागजात ३ (तीन) दिनभित्र समितिमा उपलब्ध गराउन एवं उक्त काम कारवाही हाल अगाडी नबढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।
५. यस समितिबाट सम्पादन भएका हालसम्मका विविध कार्यहरु संग्रहित पुस्तक प्रकाशन गर्ने ।
६. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति